मष्टा गाउँपालिका
(Masta Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय, बझाङ्ग
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

प.सं. २०७७।०७८
च.नं. ८२

भातेखोला, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७७-०४-२३**

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधामन्त्री रोजगार कार्यक्रम) प.सं। २०७७/७८ च.नं. pmep २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस मष्टा गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्र लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद रहित यस मष्टा गाउँपालिकामा निवेदन दिनहुन अनुरोध छ ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७/७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभोवः-

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।

ख) अनुभोव र सीपः-

- कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमानसुपरीवेक्षण र अन्तिम लागत विवरण , आयोजनाको लक्ष्य र ,तयार गर्न सक्ने र विश्लेषण गर्न सक्नेपरिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।
- उमेरः- कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानः- मष्टा गाउँ कार्यपालिकाको कार्यालय भातेखोला बझाङ्ग ।

३. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र ।

४. आवेदन दस्तुरः- रु १०००।-(एक हजार मात्र )रा.वा बैङ्क बझाङ्ग मा रहेको मष्टा गाउँपालिकाको खाता न, ४११००३०१०१०००६ मा जम्मा गरेको सक्कलै भोचर ।

५.छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

६.आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता, न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाण पत्र, अनुभव खुल्ने कागजात, २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः- गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादन गर्नुपर्ने कार्यविवरणः- गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धि प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायकको पदको कार्यविवरण लगायत अन्य जानकारी रोजगार कार्यक्रमको वेबसाइट **https://www.pmep.gov.np** वा गाउँपालिकाको वेबसाइट https://www.mastamun.gov.np मा उपलब्ध छ ।

पुनश्चः सम्पर्क मितिः २०७७/०५/०७ र परीक्षा मिति सम्पर्क मितिको दिन तोकिने छ ।

०४।२३
अमर बहादुर जोशी
नि.प्रमुख प्रशासकीय अधिकृत

Email: ito.mastamun@gmail.com
Website: www.mastamun.gov.np